नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजन
परियोजना कार्यान्वयन एकाइ, गुल्मी

फोन नं: ०७९-५२०५५१, ०७९-५२१०९०
९८५७०७७५५१, ९८५७०६७७६९
इमेल नं. pmamp.piu.gulmli@gmail.com
Website: piugulmi.pmamp.gov.np

# जोन/सुपरजोन कार्यक्रममा सहभागिताका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(सूचना नं: २)

## प्रथम पटक सूचना प्रकाशित मिति: २०८०/०६/१८

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,परियोजना कार्यान्वयन एकाइ,गुल्मीको आ.व.२०८०/०८१ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार जोन/सुपरजोन क्षेत्रमा तपसीलका कार्यक्रमहरु संचालनका गर्न यस परियोजना कार्यान्वयन एकाइमा सूचीकृत भएका इच्छुक कृषक समूह/कृषक सहकारी/कृषि फर्म/कम्पनी/कृषि उद्यमीहरुले देहाय बमोजिमका कागजात सहित मिति २०८०/०७/२२ गते भित्र प्रस्ताव/आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै पेश गर्नु पर्ने निवेदनको ढाँचा, आवेदन प्रस्ताव फारम, संलग्न गर्नु पर्ने कागजात, सञ्चालन कार्यविधि, परियोजना कार्यान्वयन एकाइ, गुल्मी, सम्बन्धित स्थानीय तहहरु र परियोजना कार्यान्वयन एकाइको वेवसाईट (piugulmi. pmamp. gov.np) बाट प्राप्त गर्न सकिनेछ। पुनश्च: रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसील:

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | स्वीकृत बजेट रु (लाखमा) | कार्यक्रम सञ्चालन हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार | ८ | २७ | सबैजोन/सुपरजोन क्षेत्र | नया क्षेत्र विस्तार हुने क्षेत्रमा प्राथमिकता दिईने । |
| २ | गतबर्ष विस्तार भएका क्षेत्र र नया विस्तार हुने क्षेत्रमा सिंचाइ पुर्वाधार निर्माण | २२ | ३७.२५ | | |
| ३ | प्याकेजिङ्ग, लेवलिङ्ग तथा पोष्टहार्भेष्ट न्यूनिकरण कार्यक्रम | १ | ५.०० | | नवप्रवर्तन तथा दीगो योजनालाई प्राथमिकता दिईने । |
| ४ | प्रशोधन उद्योगका लागि मेसिनरी सहयोग | १ | ५.८८ | | कृषि उपजहरुको प्रशोधन र मूल्य अभिबृद्धि गर्ने कार्यक्रमलाई प्राथमिकता दिईने । |
| ५ | नर्सरी स्रोत केन्द्र स्थापनामा सहयोग कार्यक्रम | १ | ८.०० | | प्राविधिक ईष्टिमेट, डिजाईन तथा तोकिएको Specificationअनुसार निर्माण गर्नु पर्ने । |
| ६ | चक्लाबन्दीमाआधारित खेती मार्फत उत्पादन बृद्धिका लागि सहयोग | ५ | ६० | | क. एकलबाली खेती (Crop Pooling): समूह सहकारीको लागि: न्यूनतम १० हेक्टर, निजी फर्म: न्यूनतम ७ हेक्टर जग्गामा Crop Pooling गर्नु पर्ने ।<br>ख. चक्लाबन्दी खेती (Land Pooling) : समूह सहकारीको लागि: न्यूनतम ५ हेक्टर, निजी फर्मको लागि : न्यूनतम ३ हेक्टर जग्गामा Land Pooling गर्नु पर्ने । |
| ७ | गत आ.व. को चक्लावन्दी कार्यक्रमलाई निरन्तरता | २ | ४ | गत आ.व. मा संचालनमा आएका क्षेत्रहरु | आ.व. २०७९।८० मा सम्पन्न भएका चक्लाबन्दी क्षेत्रमा |

| क.स | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | स्वीकृत बजेट रु (लाखमा) | कार्यक्रम संचालन हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| ८ | स्रोत बीउ उत्पादनमा सहयोग | ९३ हे. | ३ | मकै जोन (अनुसरण) क्षेत्र | मकै बीउ उत्पादनमा संलग्न उद्यमी समूह/सहकारीहरुलाई प्राथमिकता दिईने । |
| ९ | स्रोत बीउ उत्पादनमा सहयोग | १० हे. | १ | मकै जोन क्षेत्र | |
| १० | उन्नत प्रविधि सहित मकै क्षेत्रफल विस्तार | ५० हे | ५ | | |
| ११ | स्वदेशी हाईब्रिड मकै प्रवर्द्धन कार्यक्रम | १ पटक | २.५ | | स्वदेशी हाईब्रिड मकै खेतीको प्रदर्शन तथा क्षेत्र विस्तारमा सहयोग |
| १२ | कफी क्षेत्रफल विस्तार कार्यक्रम | २० हे. | २० | कफी सुपरजोन क्षेत्र | Crop Pooling मार्फत Large-scaleमा कफी लगाउनेहरुलाई प्राथमिकता दिईने । |
| १३ | कफी बगैंचा सुदृढीकरण कार्यक्रम | १ पटक | २ | | कलष्टरमा व्यावसायिक रुपमा कफी खेती गरेको हुनुपर्ने। |
| १४ | कफी बिरुवाको स्थायी छाहारीका लागि बिरुवा वितरण | १ पटक | १ | | |
| १५ | सुन्तला बगैंचा व्यवस्थापन/सुदृढीकरण अभियान कार्यक्रममा सहयोग | १ पटक | ३.५ | सुन्तलाजात फलफूल जोनक्षेत्र | व्यावसायिक रुपमा सुन्तलाजात फलफूल बगैंचा स्थापना गरेका र हाल सम्म अवसर नपाएकाहरुलाई प्राथमिकता दिईने |
| १६ | सुन्तलाजात बगैंचामा मल्चिङ्ग प्रविधि सहयोग कार्यक्रम | १ पटक | ५ | | व्यवसायिक सुन्तलाजात फलफूलको नमूना बगैंचा स्थापना गरेकालाई प्राथिमकता दिईने |
| १७ | सुन्तलाजात फलफूल बगैंचा क्षेत्रफल विस्तार कार्यक्रम | १० हे | १५ | | नया क्षेत्र तथा बाझो जग्गा सदुपयोग गरि बगैंचा स्थापना गर्नेलाई प्राथमिकता दिईने । |
| १८ | सुन्तलाजात फलफूल नर्सरी स्क्रीन घर निर्माण/श्रोत केन्द्र स्थापना | २ वटा | ६ | | गत बर्ष निर्माण शुरु भएकातर पूर्ण नभएका स्थानहरुमा संचालन गरिने |
| १९ | बाख्रापालक कृषकहरुलाई घाँस बाली प्रवर्द्धन कार्यक्रम | १ पटक | १ | बाख्रा जोन क्षेत्र | व्यावसायिक बाख्रापालन गर्नेहरुलाई प्राथमिकता दिईने । |
| २० | उन्नत प्रविधि युक्त बाख्रा खोर निर्माणका लागि अनुदान | ३० वटा | १८ | | |

**प्रस्तावका साथ पेश गर्नुपर्ने कागजातहरु:**

१. रु १० को टिकट सहितको निवेदन (अनुसूची १० अनुसार)
२. व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (अनुसूची १० अनुसार)
३. दर्ता/नविकरण भएको प्रमाण-पत्रकोप्रतिलिपि (समूह/निजीफर्म/कम्पनी/सहकारी)।
४. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
५. सम्बन्धित स्थानीय तह वा वडाको सिफारिश पत्र।
६. समूह तथा सहकारीका हकमा अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि।
७. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
८. चक्लाबन्दीको हकमा जग्गा धनी दर्ता प्रमाणपुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा (करार पत्र)।

श्याम पाण्डे
निमित्त कार्यालय प्रमुख

थप जानकारीका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,परियोजना कार्यान्वयन एकाइ, गुल्मी फोन नं: ०७९-५२०५५१, ०७९-५२१०९०,९८५७०७७५५१, ९८५७०६७७६९इमेल नं. pmamp.piu.gulmli@gmail.com Website: piugulmi.pmamp.gov.np